## जिल्ला समन्वय समितिको बैठकको निर्णयः-

यस समितिको निर्णय अनुसार मिति २०८१/०५/१४ र १६ मा भएको जिल्लाका सबै स्थानीय तहहरुको आ.व २०८०/०८१ को बार्षिक समिक्षा कार्यक्रमको सम्बन्धमा छलफल गरी देहाय अनुसार निर्णय गरियो।

**(क)** जिल्लाको उत्तर पुर्वी स्थानीय तहहरुमा लागु औषध प्रयोगकर्ताको संस्था बृद्धि भइरहेको जस्का कारण सामाजिक, आर्थिक तथा पारिवारिक तहमा नै गम्भीर असर पर्ने र फौजदारी अपराध समेत बृद्धि हुन सक्ने देखिएकोले समयमा नै उपयुक्त कदमद्धारा समाधान निकाल्न सम्बन्धित स्थानीय तह (उर्लाबारी न.पा ,मिक्लाजुङ गा.पा ,पथरीशनिश्चरे न.पा लगायत) बाट अनुरोध भएको सन्दर्भमा सोही व्यहोरा प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय तथा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय मोरङ लाई लेखि पठाउने ।

**(ख)** नदीजन्य पदार्थ उत्खनन् (ठेक्का व्यवस्थापन, चोरी निकासी, अवैध दोहन सहित) सम्बन्धी समस्या समाधानको माग सम्बन्धमा जिल्ला अनुगमन समितिबाट प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

**(ग)** आर्थिक कार्याविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६, नियमावली, २०७७ तथा अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ अनुसार जिल्लाका स्थानीय तहहरुले मध्यकालिन खर्च संरचना (MTEF) तथा आन्तरिक नियन्त्रक प्रणाली अवलम्बन गरेको नपाईएकोले वित्तिय सुशासनको निम्ति सो कार्यान्वयन आवश्यक देखिएकाले सम्बन्धित स्थानीय तहहरु (सबै) लाई तत्काल कार्यान्वयन गर्न सुझाव दिने तथा आवश्यक सहयोग र सहजिकरण गर्न प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बिराटनगरलाई अनुरोध गर्ने ।

**(घ)** बक्राहा, चिसाङ, रतुवा सहित नदीको कारण विपद जोखिम रहेका स्थानीय तह लक्षित गरी विपद व्यवस्थापन कार्यको लागि जिल्ला विपद व्यवस्थापन समिति समक्ष अनुरोध गर्ने साथै विपद व्यवस्थापन कार्य स्थानीय तहको एकल अधिकार भित्र पर्ने देखिएकाले सोही अनुसार सबै स्थानीय तहहरुले बिपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन ,२०७४ को दफा १७ को उपदफा (२) अनुसार स्थानीय विपद व्यवस्थापन समितिबाट कार्यहरु सम्पादन गर्न सुझाव दिने ।

**(ङ)** स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) र बित्तिय सुशासन जोखिम मूल्यांकन (FRA) को पृष्ठपोषण र मूल्यांकनको लागि पेश गर्ने कागजात यथार्थमा आधारित र प्रामाङ्क पुष्टि गर्ने किसिमका हुनु पर्ने तथ्य लाई मन्न गरी सबै तहबाट कार्यविधिले तोकेको समयमा नै यस समिति समक्ष पेश गर्न सुझाव दिने ।

च) विभिन्न स्थानीय तहहरुबाट बिधालय शिक्षक दरबन्दी अपुग रहेको भन्ने व्यहोरा प्रस्तुतत गरेकोले बिधार्थी संख्याको आधारमा दरबन्दी मिलान कार्य कानून बमोजिम स्थानिय तहहरुबाटै सम्पादन गर्न तथा सोको अनुगमन शिक्षा बिकास तथा समन्वय ईकाई बाट गर्न सुझाब दिने।